म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि. हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१७ अङ्क:- १३२ २०८२ चैत २१ गते शनिबार 4 April 2026, Saturday - पृष्ठ ४ मूल्य रू. ५/-

## हामी नयाँ आकारमा

समृद्ध समाज राष्ट्रिय दैनिक मकवानपुरको लोकप्रिय दैनिक समाचारपत्र हो। हाम्रा पाठक, लेखक, विज्ञापनदाता, शुभेच्छुकहरु माझ हामीले चैत ३ गतेबाट ब्रोडसिट आकारमा प्रकाशन सुरु गरेका छौं। छापा पत्रकारितामा पछिल्लो समय चुनौति बढ्दो छ। तर, हामी छापा पत्रकारितालाई आम पाठक सामु विश्वसनीय र प्रभावकारी माध्यमको रुपमा स्थापित गर्ने प्रयासमा छौं। छापा पत्रकारितालाई विश्वसनीय र प्रभावकारी बनाउने अभियानमा हामी हाम्रा पाठकबाट सल्लाह, सुझाव र प्रतिक्रियाको अपेक्षा गर्दछौं। नयाँ आकारले हाम्रा पाठकहरुलाई हामीप्रति अझ बढी आकर्षित गर्ने आशा राखेका छौं। **सम्पादक।**

## बागमती प्रदेशसभा संचालनको तयारी

# सभामुख बारे दलहरुको आ–आफ्नै दावी

समाज संवाददाता

हेटौंडा : बागमती प्रदेशसभा बैठक आव्हान गर्ने तयारी गरिएको छ। गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनपछि बस्न नसकेको बैठक ९ महिनापछि आव्हानको तयारीमा सरकार जुटेको हो। प्रदेश सरकाले केही दिनमा नै मन्त्रिपरिषद् बैठक राखेर प्रदेश सभाको हिउँदे अधिवेशन बैठक बोलाउने तयारी गरेको हो। मुख्यमन्त्री इन्द्रबहादुर बानियाँलाई एक साताभित्र बैठक बोलाउन कांग्रेस संसदीय दलले निर्णय गरेर आग्रह गरेको थियो भने सत्ता साझेदार दल एमालेले पनि निरन्तर रुपमा दवाव बढाउँदै आएको थियो।

गत साउन २७ मा बसेको प्रदेशसभाको बैठक त्यसयता बस्न सकेको छैन। मन्त्रिपरिषद्का एक सदस्यका अनुसार आउँदो एक साता भित्रै बैठक चलाउने गरी सरकारले अधिवेशन आह्वानको तयारी गरेको छ। सम्भवत् १/२ दिन भित्रमा नै क्याविनेट बसेर प्रदेश सभाको हिउँदे अधिवेशन आह्वान हुने उनले बताए। गत मांसिर ३ मा प्रदेश सरकारले प्रदेश सभाको वर्षे अधिवेशन अन्त्य गर्ने निर्णय गरेको थियो। प्रदेश सभा बैठक आह्वान हुने भएसँगै प्रदेशसभा सचिवालयले व्यवस्थापनको काम थालेको छ। सचिवालयले जलेर ध्वस्त बनेको सभाहल मर्मत गर्न नमिल्ने भएपछि वैकल्पिक रुपमा हेटौंडा उपमहानगरपालिका पछाडी रहेको मुख्यमन्त्री सभाहलमा प्रदेश सभा सदस्य बैठक सञ्चालन गर्ने व्यवस्था गरेको छ। आन्दोलनको क्रममा क्षति व्यहोरेको उक्त हलमा पनि सामान्य मर्मत गरेर बैठक बस्ने तयारी गरिएको हो। सभा संचालनका लागि उक्त सभाहलमा सामान्य प्रकृतिको सचिवालय व्यवस्थापन गरिएको छ भने केही कुर्सी टेबल खरिद गरेर व्यवस्थापन गरिएको छ।

बागमती प्रदेशसभाको आगामी बैठक आह्वानका लागि आवश्यक सम्पूर्ण तयारी पूरा भएको उपसभामुख अप्सरा चापागाईले बताइन्। सरकारले प्रदेश समा अधिवेशन आह्वानको तयारी गरिरहेको र सम्भवत: केही दिनमा बस्ने मन्त्रिपरिषद् बैठकले उक्त निर्णय गर्ने उनले बताइन्। उपसभामुख चापागाईका अनुसार मुख्यमन्त्रीले अनौपचारिक रुपमा सबै प्रक्रिया तयार राख्न निर्देशन दिइसकेकाले प्रदेशसभा सचिवालयले आन्तरिक तयारीलाई तीव्रता दिएको छ। जेनजी आन्दोलन र केही समयअघिको हावाहुरीले पुऱ्याएको क्षतिलाई समेत मर्मत गरेर वैकल्पिक रुपमा हलको व्यवस्थापन गरिएको उनले बताएन्।

हाललाई अस्थायी रूपमा नगरपालिकाको हलमा बैठक सञ्चालन गर्ने तयारी गरिएको उनले बताइन्। जेनजी आन्दोलनमा आगलागीका कारण प्रदेश सभाका सम्पूर्ण भौतिक सामग्री नष्ट भएकाले निकै कष्टपूर्ण ढंगले व्यवस्थापन गरिएको उनको भनाई छ।

'प्रदेश सभाको नयाँ हल त सबै जल्यो। केही बाँकी थिएन। सचिवालय भवन बस्न योग्य नै रहेन। सचिवालयको पछाडीको भवनलाई मर्मत गरेर व्यवस्थापन गरेका छौं। सभा हलका लागि जलेर क्षति पुगेको मुख्यमन्त्री सभा हलमा व्यवस्थापन गर्ने काम भएको छ। हाललाई बाहिर फालिएका र नजलेका केही कुर्सी-टेबलहरुलाई सरसफाइ र पोलिस गरेर बस्न योग्य बनाएका छौं', उनले भनिन्, 'अहिले सबै टेबलमा माइक राख्ने अवस्था छैन। ४-५ वटा वायरलेस माइकहरुबाटै काम चलाउने गरी प्राविधिक टिमले तयारी गरिरहेको छ। पुरानै प्राविधिक टोलीको सहयोगमा रेकर्डिङ र अन्य व्यवस्थापनलाई अगाडि बढाइने गरी व्यवस्थापन गरिएको छ।'

नयाँ बजेट प्राप्त गर्न प्रक्रियागत कठिनाइ भएपछि अर्थ मन्त्रालयमार्फत केही रकम र कमान्तर गरी सचिवालयका लागि आवश्यक ४/५ लाख बराबरको नयाँ फर्निचर खरिद गरिएको उनले बताइन्। हाउस सञ्चालनका लागि करिब ३/४ लाख रुपैयाँको लागतमा कारखानाबाटै सस्तो खालका फर्निचरहरु तयार पारिएको उनको भनाई छ। स्थायी संरचना नबनेसम्म राज्यको खर्च कम गर्ने उद्देश्यले न्यूनतम खर्चमा काम चलाउन खोजिएको उपसभामुख चापागाईंले बताइन्। उनका अनुसार नयाँ सिराबाट काम सुरु गर्नुपर्ने भएकाले अभिलेख व्यवस्थापनमा केही चुनौती भयो। हाल आर्काइभमा भएका सामग्रीहरुको पुन: संकलन र लिपिबद्ध गर्ने काम भइरहेको र सचिवालयमा सानो पुस्तकालय (लाइब्रेरी) स्थापना गर्ने कार्य पनि सुरु गरिएको उनले बताइन्।

जेनजी आन्दोलनसँगै बागमती प्रदेशसभामा सभामुख पद रिक्त रहेको छ। जेनजी आन्दोलनका क्रममा सामाजिक सञ्जालबाट तत्कालिन सभामुख भुवन कुमार पाठकले राजीनामा घोषणा गरेका थिए भने असोज १ मा लिखित राजीनामा पठाएका थिए। उनको उक्त राजीनामा प्रदेश सभा बस्न नसकेपछि मंसिर ४ मा सदस्यहरुको जानकारीका लागि सूचना जारी गरिएको थियो। सभामुख पद रिक्त रहेको अवस्थामा आगामी प्रदेश सभा बैठकले सभामुखको निर्वाचन गर्नुपर्ने दायित्व देखिएको छ। सभामुख पद रिक्त रहेको अवस्थामा संसद बैठक बसेको १५ दिन भित्र निर्वाचन प्रक्रिया मार्फत् सभामुख चयन गर्नुपर्ने संवैधानिक व्यवस्था रहेको छ। उक्त व्यवस्था अनुसार आगामी बैठक संचालन भएको १५ दिनमा सभामुखको निर्वाचन गर्नुपर्ने जिम्मेवारी संसद सचिवालयमा रहेको छ। सो अवस्थाका बीच दलहरुले औपचारिक रुपमा सभामुख नियुक्तिका बारेमा छलफल समेत थालेका छैनन्।

रिक्त एक सभामुख पदमा सत्तारुढ दल कांग्रेस र एमाले दुवैले दावी कसेका छन् भने प्रमुख प्रतिपक्ष दल नेकपा पनि सभामुख पदमा दावी पेश गर्दै आएको छ।

# छुट्टाछुट्टै घटनामा २ जिल्लामा ३ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडा : बागमती प्रदेशको २ जिल्लामा छुट्टाछुट्टै घटनामा ३ जनाको मृत्यु भएको छ। प्रदेशको चितवन र धादिङ जिल्लामा ३ जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ।

चितवनको भरतपुर महानगरपालिका-५, कल्याणपुरमा अचेत अवस्थामा फेला परेका वृद्धको मृत्यु भएको छ। मृत्यु हुनेमा ७३ वर्षीय बलबहादुर अधिकारी रहेको प्रहरीले जानकारी दिएको छ। बिहीबार दिउँसो २ बजेर ३० मिनेटको समयमा अधिकारी आफ्नै सुत्ने कोठामा अचेत अवस्थामा फेला परेका थिए। उनलाई उपचारका लागि चितवनस्थित भरतपुर सरकारी अस्पताल लगिएको थियो। चिकित्सकले जाँच गर्ने क्रममा दिउँसो ३ बजेर ५० मिनेटको समयमा मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ।

चितवनको भरतपुर महानगरपालिका-१, पुलचोकमा बसमा यात्रा गर्दै आएका एक पुरुषको मृत्यु भएको छ। मृत्यु हुनेमा धादिङको नीलकण्ठ नगरपालिका-५ घर भई हाल छिमेकी देश भारत बस्ने ४६ वर्षीय रामपल रोक्का रहेको प्रहरीले जानकारी दिएको छ। शुक्रबार बिहान ४ बजेर २० मिनेटको समयमा रामपल दिल्लीबाट काठमाडौं जाँदै गरेको बा.प्र. ०१-००६ ख ७५४६ नम्बरको बसमा सवार थिए। बस पुलचोकमा रोक्ने क्रममा उनी अचेत अवस्थामा फेला परेका थिए। उनलाई उपचारका लागि चितवनस्थित भरतपुर सरकारी अस्पताल लगिएकोमा बिहान ४ बजेर ५५ मिनेटको समयमा चिकित्सकले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ।

धादिङको धुनिबेशी नगरपालिका-९, जुगेडिमा बाथरुममा चिप्लिएर घाइते भएका एक युवकको उपचारका क्रममा मृत्यु भएको छ। मृत्यु हुनेमा बर्दिया जिल्लाको बढैयाताल गाउँपालिका-८ घर भई जुगेडिमा डेरा गरि बस्ने २६ वर्षीय सिम्पल चौधरी रहेको प्रहरीले जानकारी दिएको छ। बिहीबार साँझ ७ बजेर १५ मिनेटको समयमा चौधरी बाथरुममा नुहाउने क्रममा अचानक चिप्लिएर लड्दा टाउको र अनुहारमा चोट लागेर घाइते भएका थिए। उनलाई उपचारका लागि काठमाडौंस्थित वीर अस्पताल लगिएको थियो। उपचारको क्रममा उनको राती ८ बजेर ५५ मिनेटको समयमा चिकित्सकले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ। उनी युनाइटेड सिमेन्ट फ्याक्ट्रीमा काम गर्ने कामदार रहेको प्रहरीले जनाएको छ।

## भोलिदेखि मतदाता नामावली अद्यावधिक

समाज संवाददाता

हेटौंडा : मतदाता नामावली दर्ता तथा अद्यावधिक कार्य आइतबार (भोलि) देखि पुन: सुचारु हुने भएको छ। शुक्रबार एक सूचना जारी गरी आईतबारदेखि नामावली दर्ता तथा अद्यावधिक कार्य सुचारु गरिने बागमती प्रदेश निर्वाचन कार्यालयले जनाएको छ।

बुधबार बसेको निर्वाचन आयोगको बैठकले यसअघि मंसिर ६ गतेदेखि स्थगन गरिएको मतदाता नामावली संकलन तथा अद्यावधिक कार्यक्रम आईतबारदेखि पुन: सुचारु गर्ने निर्णय गरेको थियो। गत फागुनमा भएको प्रतिनिधि सभा सदस्य निर्वाचनका कारण मंसिरदेखि नामावली संकलन तथा अद्यावधिक कार्यक्रम स्थगित भएको थियो।

मतदाता नामावली दर्ता गर्दा मतदाताको ठेगाना जहाँ भएपनि देशभर रहेका जिल्ला तथा प्रदेश निर्वाचन कार्यालयबाट सजिलै सेवा लिन पाउनेछन्। नामावली जहाँ दर्ता गरिएपनि मतदाता नामावली मतदाताको स्थायी ठेगानामै कायम हुने व्यवस्था रहेको छ।

के तपाई आफ्नो व्यवसायको विज्ञापन गरेर व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ? यदि त्यसो हो भने सम्पर्क गर्नुहोस्
०५७-५२६८३०

## एसईई परीक्षामा नक्कली परीक्षार्थी पक्राउ

समाज संवाददाता

हेटौंडा : हेटौंडा-१० स्थित सोलिड्यारिटी इन्टरनेशनल एकेडेमीमा एसईईमा सहभागी एक नक्कली परीक्षार्थी पक्राउ परेका छन्।

शुक्रबार बिहान ८ बजेको समयमा अर्काको नामको प्रवेशपत्रमा आफ्नो फोटो राखी परीक्षा दिन आएका सिन्धुली जिल्लाको मरिन गाउँपालिका-४ घर भई हाल हेटौंडा-४ स्थित हेटौंडा स्कुल अफ म्यानेजमेन्टमा कक्षा ११ मा अध्ययनरत १८ वर्षीय विराज विकलाई प्रहरीले नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ।

अनुसन्धानका क्रममा उनले हेटौंडा-१२ पदमपोखरीका १९ वर्षीय अंकिश श्रेष्ठको नाममा जारी गरिएको प्रवेशपत्र प्रयोग गरी परीक्षा दिन आएको खुल्न आएको छ। प्रहरीले दुबै जनालाई नियन्त्रणमा लिई जिल्ला प्रहरी कार्यालय मकवानपुरमा राखी थप अनुसन्धान गरिरहेको जनाएको छ।

सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज सुनौं र सुनाऔं

# हेटौंडामा विश्वशान्ति महा मै मैत्री बोधि मार्ग दर्शन अनुष्ठान हुने




समाज संवाददाता

हेटौंडा : हेटौंडामा २१ औं विश्वशान्ति महा मै मैत्री बोधि मार्ग दर्शन/मैत्री धर्म आध्यात्मिक अनुष्ठान कार्यक्रम-२०८२ हुने भएको छ। बोधि श्रवण धर्म संघ नेपालको आयोजनामा अनुष्ठान चैत २६ गतेदेखि ३० गतेसम्म हेटौंडा-४ स्थित हुप्रचौरमा हुनेछ।

शुक्रबार पत्रकार सम्मेलन आयोजना गरी आयोजकले कार्यक्रमको उद्देश्य तथा तयारी बारे जानकारी गराएको छ। वर्तमान विश्व असहिष्णुता, हिंसा तथा विभाजनतर्फ अगाडि बढ्दै गएकाले विश्वशान्ति, एकता, मैत्रीभाव र आध्यात्मिक चेतना फैलाउनु अनुष्ठानको उद्देश्य रहेको आयोजकले जनाएको छ। अनुष्ठानमा प्रत्येक दिन बिहानदेखि बेलुकासम्म पूजा हुनेछ। अनुष्ठानको तयारी गर्दा अहिलेसम्म ६० लाख रुपैयाँ खर्च भइसकेको आयोजकले जनाएको छ। आयोजकका अनुसार सम्पूर्ण स्वेच्छिक् दानबाट संकलन भएको रकमले व्यवहोरिने छ। कार्यक्रममा करिब २० हजार मानिस सहभागी हुने आयोजकको अनुमान छ। कार्यक्रममा विदेशी राष्ट्रबाट पनि थुप्रै व्यक्तिहरु सहभागी हुने अनुमान गरिएको छ। यसअघि पदमपोखरी र सर्लाहि जिल्लामा भएको यस्ता कार्यक्रममा ३० वटा देशका मानिसहरु सहभागी भएको बोधि श्रवण धर्म संघ नेपालका केन्द्रिय अध्यक्ष निल बहादुर थिङले बताउनुभयो।

हार्दिक शुभकामना

मकवानपुर उद्योग वाणिज्य संघको आज हेटौंडामा हुन गइरहेको **५९औं वार्षिक साधारणसभा**को सफलताको शुभकामना व्यक्त गर्दछौं। साधारणसभाबाट व्यवसायीका हकहितका लागि आवश्यक विमर्श गरी उपयुक्त योजना तय गर्न सफलता मिलोस् भन्ने समेत शुभकामना व्यक्त गर्दछौं।

दिलसुन्दर श्रेष्ठ, अध्यक्ष
एवम् नेपाल उद्योग वाणिज्य महासंघ
बागमती प्रदेश समिति परिवार

## बुधबारे सालसाहित्य

...बाँकी पृष्ठ ३ मा

# आलु

क्लासिक व्यङ्ग्य



**मनुजबाबु मिश्र**



'अँ ! आलु खाएर पनि झाडाबान्ता लाग्छ ! कुरा सुन्दा पनि उदेक लागेर आउँछ !' झर्केर रमला भन्दै थिइन्, उनले पकाएको आलुको तरकारीलाई मैले 'नमिठो, खान्नँ' भने रे भनेर ।

हुन पनि किन-किन सानैदेखि मलाई आलु भनेपछि पटक्कै मन पर्दैन । आलुले स्वास्थ्यलाई खुब फाइदा गर्छ रे ! डाक्टरले पनि मलाई कैयूँपटक 'आलु खानू' भनेका थिए । जाँच दिने बेलामा मलाई कसैले त्यसो भनिदिएको भए म साँच्चै आगो भएर रिसाउने थिएँ । किनभने, कसैले पनि मलाई 'आलु खा' भन्नासाथ मभित्र अनेकौं अनिष्ठ शंकाहरू उम्रन र बढ्न लाग्दछन् । परीक्षाफल प्रकाशित भएको बेलामा आलु कैयौंले खाएको देखेको छु, सुनेको छु । यति मात्र कहाँ हो र 'फलानो त मरेछन्' भन्दा पनि 'फलानोले आलु खाएछन्' नै भन्ने गर्दछन् । त्यस्तो अनिष्टबोधक आलुको तरकारी कसरी मन परोस् त ! त्यसैले आलु फलेको मात्र मन पर्दछ मलाई, खाएको होइन ।

आलुको शब्दार्थ जतिसुकै अनिष्टसूचक भए तापनि आलुकै स्वाद लिएर आलु खान पाएको भए त सायद आलु त्यति नमिठो हुँदैनथ्यो होला । तर, आजको आधुनिक जमानाले आलुको समेत रङ, रूप र धर्ममा परिवर्तन गरी आधुनिकीकरण गरिसकेको छ । घिउमा तारेपछि, सुरुवा बनाएपछि, खुर्सानीको धुलो र मसलामा रगाएपछि आलुको स्वाद कसरी आलुकै जस्तो होला ? नुन-मसलाले आत्मासम्म रंगाएर रमलाले पकाएको त्यो आलुको तरकारी अत्याधुनिक देखिए तापनि वाक्कै आउने थियो ।

कुनै पनि वस्तु होओस् अथवा बुद्धि, त्यो जति काँचो भयो, उति त्यसको महत्त्व बढी हुन्छ । त्यसैले त काँचो आलुको जति खपत हुन्छ, उति पकाएको आलुको हुँदैन । काँचो आलुलाई जहिले जे बनाऊँ भने पनि हुन्छ, पाकेको आलुचाहिँ चाँडै नै गह्नाउँछ । त्यसैले जसले आफूलाई काँचो राखेको छ, तिनको ठूलो माग छ, इज्जत छ, मान छ, शान छ, मर्यादा छ । तर, जसले आफूलाई पकाएका छन्, तीचाहिँ कि त सड्दै छन् कि भने सडिसके ।

परिस्थितिले खाएको जात-बिजातको आलु खाँदा-खाँदा मलाई आलुअजीर्ण भइसकेको छ । मलाई आलु मन पर्दैन, तर पनि खानैपर्छ भने पनि काँचो आलु नै मनपर्दछ । किनभने, काँचोलाई आफ्नो इच्छानुकूल मौलिक परिकार बनाएर खान सकिन्छ । आफूले चिताएजस्तो बनाउन नसकिने कुनै पनि चिज मलाई मन पर्दैन । काँचोलाई पकाएर धेरै थोक बनाउन सकिन्छ । तर, पाकिसकेकोलाई फेरि कसरी पकाउने र के बनाउने ? फेरि, पाकेपछि आलु असाध्यै चाँडै सड्छ र गह्नाउन लाग्दछ ।

मलाई कहिल्यै आलु खान नपरोस् भन्ने चाहना छ । तर, के गर्नु ? चाहेको कुरा नपुग्ने रहेछ । मेरा पिता-माता तथा घरका ६-७ जना महत्वपूर्ण सबै सदस्यहरूले हामी दुई भाइलाई बालककालमै छाडेर जीवनका अन्तिम आलु खाइदिए । तत्पश्चात् मेरो जीवन आलुजस्तै काटिन, ताछिन, छोडाइन र वैर्याइन लाग्यो । मेरो प्रत्येक उँभो लाग्ने प्रयास र परिश्रमको प्रतिफलमा आलु-आलु प्राप्त हुन लाग्यो । आफ्ना दौंतरी सबैका हातमा बनारसी लड्डु देख्दथेँ आफ्नो हातमा भने सधैँ चाउरिएको आलु मात्र ।

हुन त आफ्नो सम्पूर्ण विद्यार्थी जीवनमा मलाई कहिल्यै आलु खानु परेन तर पनि आफ्नो जागिरको लामो अवधिभरि आलु नै आलु खान परिरहेको हुँदा अब त आलुअजीर्ण यति बढिसक्यो कि यही अजीर्णले नै जीवनको अन्तिम आलु खाइदिने हो कि भन्ने डर लाग्न थालिसक्यो । बिचरी ! भान्छाअजीर्णले ग्रस्त मेरी श्रीमती र मलालाई यो कुरा के थाहा ? आलुलाई म कति घृणा गर्छु भन्ने कुरा उनले कसरी बुझून ?

कन्दमूलहरूमा आलुले आदिम कालदेखि नै सर्वाधिक प्रशंसा, प्रियता र मान्यता पाउँदै आएको छ । पाश्चात्य संसारमा केही देशले त वर्षैभरि हामीले भात खाएझैं आलु खाने गर्दछन् र त्यहाँका मानिस आलुलाई हिउँले पुरेको जमिनमुनि भकारीका भकारी बनाएर हामीले धान राखे झैं राख्दछन् ।

तर, के अन्तर्राष्ट्रिय मान्यता पाएका सबै खानेकुरा मलाई पनि मिठो लाग्नैपर्छ भन्ने छ र ? आलु भन्नासाथ मेरो जिउ नै ढक्क भएर फुल्दछ । अस्ति म बाहिर निस्कनै आँटेको बेलामा मेरो छोरो रविनले 'ठूल्दाइ हेमले त आलु खाएछ' भनेको थियो । दिनभर त्यो कुसमाचार मभित्र मडारिइरह्यो । यस्तो लायकको नवयुवक च्व ! अस्ति बिरामी छन् भन्ने सुन्दा मभित्र विधिको राजनीतिप्रति विद्रोहका भावना जाग्रत हुन लाग्यो । तर, बेलुका घर फर्केपछि कुरा खुल्यो, उसले त परीक्षाफलमा पो आलु खाएको रहेछ । मलाई पनि मेरो पिताजी 'जाँचमा आलु खालास्' भन्दै चेतावनी दिनुहुन्थ्यो र म पनि आफ्नो छोरालाई 'जाँचमा आलु खानुपर्ला होस गर' भन्ने गर्दछु ।

जाँचले आलु खानु, जागिरले आलु खानु, स्वास्थ्यले आलु खानु, जीवनले नै आलु खानु यी सबै आलुको खवाइलाई मैले सानैदेखि विष-भाङको रूपमा घृणा गर्दै आएको छु । म सारसउँदो जिउँदो मान्छेले मन नै परे पनि किन त्यस्तो अलच्छिनी आलु खानु जानी जानीकन ? त्यसैले म श्रीमतीसँग हात जोडेर निवेदन गर्दथेँ, 'मलाई आलु नख्वाऊ' भनेर ।

मैले त आजसम्म फुक्ने खटिरो फुलेजस्तो चिल्लो भोटे आलु, रातो आलु, सेतो आलु, किरकौंले आलु, बूढाको गाला झैं चाउरिएको आलु आदि-आदि आलुका भौतिक रूपहरूलाई मात्रै आलु भन्ठानेको थिएँ । तर, आफ्नो लामो जागिरे जिन्दगीभरि जब मैले थुप्रा अमूर्त आलुका परिकार खानुपर्यो अनि त मलाई पक्का भयो, आलुको आन्तर रूप पनि हुँदोरहेछ । आलुको बाह्य रूप जति सलसलाउँदो चिल्लो चाप्लो देखिन्छ, त्यसको भित्री रूप त्यति नै धोकेबाज, घातक, अविश्वासिलो र उल्टो परिणामदायी हुनेरहेछ । कर्म खोज्छु, ऊ अकर्म दिन्छ । म फल खोज्दछु, ऊ विफलता दिन्छ । म अगाडि बढ्छु, ऊ पछाडि धकेल्छ । म शिक्षोपार्जन गरेर ज्योतिर्मय बन्न खोज्दछु, ऊ अशिक्षित तुल्याउँछ । त्यसको बाह्य रूप अमृतालु र मायालु देखिए तापनि आन्तर रूपचाहिँ साह्रै विषालु हुँदोरहेछ । यतिसम्म कि जीवनभरि आलुलाई नै प्राणपोषक बनाउने पश्चिमी देशका आलुभक्तहरूलाई समेत यो आलुले धोका दिन छाडेको छैन । त्यहाँका विद्वान भनिएका जनता भने आफ्ना सबै दुर्भाग्यका कारण कुराजनीति र कुपरिस्थिति भन्ने गर्दछन् । तर, त्यो सबै ईश्वरले बमगोलाको रूपमा रचना गरेको अमूर्त आलुको कुकरामतले गर्दा हो भन्ने कुरा ती बिचराहरूले आजसम्म बुझ्न सकेका छैनन् । प्राचीनकालदेखि आधुनिक समयसम्ममै अकालमा आलु खाने महानुभावहरूको संख्या ज्यामितिको क्रममा बढ्दै गइरहेको छ । अस्ति मात्र इन्दिरा गान्धीले पनि आलु खाइन् रे ! गोलीको रूपमा । संसारका कत्रा-कत्रा देशले नै आलु खाइसके । कति देशमा राजनीति, अर्थनीति, शिक्षानीति, धर्मनीति, नैतिकता, मानवता आदि-आदि सभ्य संसारका सभ्यनीतिले त आलु खाइसके भने मजस्तो भारेभुरेले बाँच्नेक्रममा खानुपरेको खिर्याउने आलुको के महत्त्व ?

हुन त 'फलानोको तालुमा आलु फलेछ' भनेर आलुलाई भाग्यको प्रतीक नै मानेको पनि देखिन्छ तर पनि यसको गुह्य अर्थ भने फेरि आलुजस्तै विषालु नै छ । एउटा कुरा त आलु मलिलो ठाउँमा मात्र मौलाउँछ । जसको तालुमा मल हुन्छ, त्यसैको तालुमा मात्रै आलु फल्दछ । परिष्कृत मगज भएको तालुमा कहिल्यै आलु फल्दैन । फेरि, त्यसरी फलेको आलुले त कर्मबिनाको फलप्राप्ति भन्ने बुझाउँदछ । टाउकाको आकार नै हुबहु आलुको जस्तै हुन्छ, त्यसमाथि तालुको रुपरङ त झन् काटीकुटी आलुसँगै मिल्दछ । तालुको तुलना धेरैजसो आलुसँगै गर्ने गरिएको छ ।

यी सबै कारणले गर्दा मेरो अन्तर्व्यवस्थालाई राम्रैसँग बुझेकी मेरी श्रीमती र ईश्वरसँग म सधैं हात जोडेर प्रार्थना गर्दछु रमला ! मलाई आलु नख्वाऊ, 'हे ईश्वर ! मेरो तालुमा कहिल्यै आलु नफलाऊ ।'

*('अन्तर-तरंग'बाट । स्रोत: साहित्यपोष्ट)*

# चित्रकला






**देवासिस न्यौपाने**
**कक्षा-४, बालजागृति**
**ईंग्लिस सेकेण्डरी स्कुल,**
**हेटौंडा-२**

# भूपिनको 'मध्यको उज्यालो' परिसंवाद




**समाज संवाददाता**

हेटौंडा : साहित्यकार भूपिनको पछिल्लो निबन्धसँग्रह 'मध्यको उज्यालो' को हेटौंडामा परिसंवाद कार्यक्रम सम्पन्न भएको छ । शुक्रबार साहित्य संगम मकवानपुरको आयोजनामा परिसंवाद भएको हो । हेटौंडाका साहित्यकार निमेष निखिल संवादकर्ता रहनुभएको कार्यक्रममा भूपिनले आफ्ना पाठकहरुसँग पनि संवाद गर्दै आफ्नो कृतिको दार्शनिक तथा साहित्यिक पक्षबारे मन्तव्य राख्नुभएको छ ।

उहाँको निबन्ध संग्रह 'मध्यको उज्यालो'मा तीन खण्डमा २० वटा निबन्धहरु रहेका छन् । उहाँले विषयगत रुपमा चिन्तन, सम्झना र पर्यावरण तथा यात्रा गरी तीन खण्डमा विभाजन गरी आफ्ना, आध्यात्मिक तथा दार्शनिक, जीवनका स्मरणीय क्षण तथा घटना र प्रकृतिसँगको मोहबारे आफ्ना निबन्धमा समावेश गर्नुभएको छ । कार्यक्रममा उपस्थित साहित्यकार तथा साहित्यप्रेमीहरुले उहाँको यस निबन्ध संग्रह जीवन तथा समाज र विज्ञानप्रति सचेत एक दार्शनिकताको रुपमा रहेको कृतिको रुपमा व्याख्या गरेका छन् भने कृतिकार भूपिनले आफ्नो कृतिमा चिन्तनमा आधारित आत्मपरक निबन्धहरु, गौतम बुद्धबाट प्रभावित भई जन्मिएका विचारहरु र प्रकृतिप्रतिको प्रेम नै आफ्नो कृतिको मुख्य विशेषताहरु रहेको स्पष्ट पार्नुभएको छ । उहाँले कृतिमा हाल विकसित हुँदै गएको कृतिम बुद्धिमत्ताले भविष्यमा ल्याउने संकट तथा प्रकृतिको संरक्षणबारे सोचनीय दर्शन तथा बिचारहरु प्रस्तुत गर्नुभएको कार्यक्रमका सहभागिहरुले उल्लेख गरेका छन् ।

पिता सर्वजित खड्का, आमा वशुन्धरा खड्काबाट २०३० चैत ३० गते बाग्लुङ नगरपालिका-१४, बलेवा, नारायणस्थानमा जन्मनुभएका भूपिन पेशाले उपप्राध्यापक हुनुहुन्छ । उहाँ हाल सप्तगण्डकी बहुमुखी क्याम्पस, चितवनमा अध्यापन गर्दै आइरहनुभएको छ । शारीरिक शिक्षामा स्नातकोत्तर गर्नुभएका भूपिनका हालम्म विभिन्न कविता, निबन्ध, उपन्यास प्रकाशित भइसकेका छन् । उहाँका प्रमुख कृतिहरुमा क्षतिग्रस्त पृथ्वी र मूल सडक (२०५३), हजार वर्षको निद्रा (२०६६), चौबिस रिल (२०६९), सुप्लाको हवाइजहाज (२०७२), मैदारो (२०७५), भूपिनका कविता (२०८०), शीर्षक र दार्शनिक दृष्टि(२०८०), मध्यको उज्यालो (२०८२) रहेका छन् ।

साहित्यको क्षेत्रमा महत्वपूर्ण योगदान पुर्‍याउनुभएका भूपिनले संरक्षण कविता आन्दोलन, अक्षर समूह चितवनका संस्थापक सदस्यको रुपमा काम गर्नुभएको छ । उहाँले स्वर्ण पदक (२०५३), अनेसास पुरस्कार (२०११, अमेरिका), उत्तम शान्ति पुरस्कार (२०६९), चिसाप खेमलाल लामिछाने साहित्य पुरस्कार, अनेसास सर्वोत्कृष्ट पुस्तक पुरस्कार, पोषण पाण्डे तीर्थ सदन पुरस्कार (२०८०), गण्डकी प्रज्ञा साहित्य सम्मान (२०८१), डम्बर पूर्णमाया कविता स्मृति सम्मान लगायत अन्य पुरस्कार तथा सम्मानहरु पनि प्राप्त गर्नुभएको छ । साहित्य सङ्गम मकवानपुरका अध्यक्ष डिबि बर्तौलाको अध्यक्षतामा भएको कार्यक्रममा साहित्यकारहरु रमेश समर्थन, ह्याग्रिव आचार्य, रमेश मोहन अधिकारी, सानु खनाल, सुवास खनाल लगायतको उपस्थिति थियो ।

# निर्णय



**श्यामप्रसाद श्रेष्ठ**

**लघुकथा**

'होइन सन्तमान ! गाउँको सबै घरजग्गा बेचेर कहाँ जाँदैछौ ?'

सन्तमान केहीबेर मौन रह्यो । उसले भुइँमा खेलिरहेको पाँच वर्षे छोरातर्फ गहिरो दृष्टि लगायो, अनि दृढ स्वरमा भन्यो, 'यसलाई सहर लगेर, घरजग्गा बेचेको पैसाले राम्रो बोर्डिङमा पढाउँछु ।'

'अनि परिवार कसरी पाल्छस् त ?'

उसले आकाशतर्फ हेर्दै सहज तर अडिग स्वरमा उत्तर दियो, 'सहरमा भारी बोकेर भए पनि पाल्छु ।'

'गाउँमै विद्यालय छ नि ! किन सहर लैजानुपर्‍यो र ?'

यसपटक सन्तमानको स्वरमा पीडाको गहिरो छाया थियो । 'तँलाई थाहा छ, यही विद्यालयमा पढेर मैले आफ्नो भविष्य गुमाएँ ।'

'तेरो भाग्य नै त्यस्तै रहेछ', साथीले सान्त्वना दिन खोज्यो ।

सन्तमान हल्का मुस्कुरायो, उसले पीडामिश्रित स्वरमा भन्यो,"कसैले जन्मिँदै भाग्य बोकेर आउँदैन, साथी ।

यहाँ ठूलावडाले आफ्ना सन्ततीको भाग्य लेख्न महँगा निजी बोर्डिङ खोलेका छन्, अनि गरिबका छोर ाछोरीका लागि स्तरहीन सामुदायिक विद्यालयहरू छरेर आँखामा छारो हालिएको छ ।'

उसले लामो सास फेर्‍यो र थप्यो, 'यही त हो हाम्रो समाजको शिक्षामा लुकेको विभेदको नग्न यथार्थ ।'

भुइँमा निश्चिन्त खेलिरहेको बालकलाई सन्तमानले काखमा उठाउँदै दृढ संकल्प गर्दै भन्यो, 'म यसलाई बोर्डिङमा पढाएर यही सामुदायिक विद्यालयको शिक्षाको स्तर उठाउने योग्य मान्छे बनाउँदछु ।'

# मेरो सपना (म नेता बन्न चाहन्छु)



**आयुष कुमार यादव**

मेरो सपना
(म नेता बन्न चाहन्छु)

मेरो सपना के हो ?
म सानो गाउँको गरिब घरमा जन्मेको मान्छे हुँ ।
बाल्यकालदेखि देखेँ गरिबी, दु:ख र अभाव,
तर मनभित्र थियो ठूलो चाहना र प्रभाव ।

समाजमा देखेँ द्वन्द्व, हिंसा र अन्याय,
मानिसको पीडाले मनभित्र उठायो आवाज ।
गरिबी र भ्रष्टाचार देखेर मनमा पलायो नयाँ विश्वास ।

म नेता बन्न चाहन्छु, आफ्ना लागि होइन,
गरिब र दु:खीको हकका लागि मात्र हो मेरो चाहना ।
नेताहरूले शक्ति गलत बाटोमा लगाउँदा,
किन चुप बस्छ यो समाज मनमा प्रश्न सधैं उठ्छ ।

ठूलो मान्छे बन्न गाउँबाट सहर आएँ,
सपनालाई पछ्याउँदै अघि बढ्न चाहेँ ।
गरिब र पछाडि परेकोलाई अधिकार दिलाउन,
मेरो आवाज सधैं उठिरह्यो न्यायको लागि बोल्न छु ।

तर धेरैपटक आवाज दबाइयो,
मेरो सत्यलाई कसैले सुन्न चाहेन ।
त्यसै बेला बुझें जीवनमा शिक्षा नै शक्ति हो,
पढाइले मात्र सपना पूरा हुने बाटो देखायो,
पढाइमा कमजोर हुँदै पनि जीवनमा हार नमान्ने ठान्यो ।
मेरो सपना ठूलो छ म कहिले हार मान्दिन ।

गाउँ छोडेर सहर पुगेँ सपनाको खोजीमा,
तर यहाँ पनि हिंसा र भेदभाव धेरै देख्यौ ।
मानिसहरू स्वार्थको पछाडि दौडिरहेका थिए,
देशको माया बिर्सेर आफूलाई मात्र सोचिरहेका थिए ।

आज कहिलेकाहीं आफैंलाई बिर्से जस्तो लाग्छ,
संघर्ष गर्दै गर्दा फूलजस्तै सपना हराए जस्तो लाग्छ ।
तर मनभित्र अझै बलिरहेको छ आशाको दियो,
एक दिन न्याय र सत्यले उज्यालो बनाउनेछ यो देश मेरो ।

*कक्षा-१२, प्रगति मावि, हेटौंडा-९*

# सङ्केत

**लघुकथा**



**लक्ष्मी रिजाल**

त्यो बिहान आकाशको रङ्गमा रगत र खरानीको अद्भुत सम्मिश्रण थियो । रुखका पातहरू हावाविना नै कामिरहेका थिए भने चराहरू उड्न बिर्सिएर स्तब्ध थिए । मौसमविद् आभाष आफ्नो ल्याबको स्क्रिनमा अनियन्त्रित रूपमा नाचिरहेका राता रेखाहरू हेर्दै अत्तालिएका थिए । प्रकृतिको यो मौनता कुनै ठूलो प्रलयको पूर्वसन्ध्या थियो । उनले काँप्दो हातले डायरीमा लेखे-




"प्रकृतिले भाषा बोल्दैन, उसले त केवल नतिजा सुनाउँछ ।"

बाहिर 'विश्व मौसम दिवस' को भव्य उत्सव थियो । 'हरियो पृथ्वी' का नारा र हिमाल जोगाउने आश्वासनका भाषणहरूले सहर गुञ्जायमान थियो । आभाष मञ्चमा पुगेर चिच्याए, "हामीले उत्सव मनाइरहँदा प्रकृतिले हाम्रो अन्त्यको तयारी गरिरहेको छ, अब समय छैन !" तर, भीडले उनको चेतावनीलाई 'कलात्मक भाषण' सम्झिएर तालीको गडगडाहटले स्वागत गर्‍यो ।

एक्कासि आकाशमा सूर्य अस्वाभाविक रूपमा चम्कियो । मानिसहरूले त्यसलाई 'सुनौलो दिन' ठानेर खुसी मनाउँदै गर्दा, त्यो न्यानोपन क्षणभरमै डढेलोमा परिणत भयो । सडकका पिचहरू पग्लिन थाले र उत्सव मनाइरहेका ती मुस्कुराउँदा अनुहारहरू सेकेन्डभरमै खरानीको थुप्रोमा बदलिए । प्रकृतिलाई क्यालेन्डरको 'दिवस' मा कैद गर्नेहरूलाई त्यही दिवसको उज्यालोले सदाका लागि निल्दियो ।

*(स्रोत: साहित्यपोष्ट)*

बुधबारे सालसाहित्य

...बाँकी पृष्ठ ३ मा

# गजल



**एवाइ प्रभात**

सिंहदरबारभित्र फेरि, आशा हरायो आज ।
जनताको महाविश्वास, किन टुटायो आज ।

वाचा धेरै गरिए, पूरा भने भएनन् कहिल्यै,
झुटको भीडले सत्यलाई, फेरि दबायो आज ।

कुर्सीको मोहमा डुबेर, सबै बिर्सिए जस्तो,
देशको माया भन्दा पनि, स्वार्थले जितायो आज ।

सडकमा चिच्याउँदै जनता थाकिसके यहाँ,
सत्ताको कानसम्म आवाज, नपुगायो आज ।

हिजोको सपना बोकेर, हिँड्ने युवा निराशा छन्,
भोलीको उज्यालो बादलले, फेरि छेकायो आज ।

*सहिदभूमि धनकुटा*

# पहिरो



**दिया भुजेल**

दक्षिणमा तराई, उत्तरमा हिमाल
बीच–बीचमा पहाड, बनेको छ नेपाल
समथर तराई, जंगलले ढाकेको ॥

डाँडाकाडाँ भएको, पहाड छ भिरालो
हिमालबाट बहने, नदीहरु ओरालो
तराईको माटो मलिलो, उब्जाउको भण्डार ॥

चट्टानै चट्टान धेरै छन्, हिमालमा चढ्न धौ
बालुवा नि पाइने, बलौटे छ माटो नि
पहाडमा पाइने, माटो कति रातो नि ॥

*कक्षा-२, नवोदय शिशु सदन, हेटौंडा-४*

# मलाई मेरो छोरो फर्काइदेउ



**अस्मिता थापा**

मलाई मेरो छोरो फर्काइदेउ
ऊ मेरो गर्भमा आउँदा अप्सरा मात खुवाउने गरी मेरो मुहारमा आएको त्यो चमक फर्काइदेउ
म प्रसव पीडामा छट्पटाइरहँदा हरेक पल उसको सलामतीका लागि गरेका ती प्रार्थना फर्काइदेउ ।

कहाँ राखुँ म तिम्रो न्यायलाई सरकार ?
मलाई मेरो छोरो फर्काइदेउ ।

कैयौं अनिदा रातहरूमा खुल्ला नयनले उसका लागि देखेका सपना फर्काइदेउ
ती कलिलादेखि लाठे हुँदासम्म मेरा आँगनमा खेलेका उसका पैतालाका डोब फर्काइदेउ ।

बिन्ती छ सरकार
मलाई चाहिँदैन तिम्रो न्याय
मलाई मेरो भुन्टे फर्काइदेउ ।

मलाई आमा भन्ने त्यो आवाज फर्काइदेउ
मेरो काखको न्यानोपन फर्काइदेउ
मेरो वर्तमान, मेरो भविष्य फर्काइदेउ
मलाई म हुनुको आभाष फर्काइदेउ ।

ए सरकार,
तिमी राख न आफै यो न्यायलाई
बिन्ति गर्छु, सट्टामा मलाई मेरै छोरो फर्काइदेउ ।

(नोट: आन्दोलनमा ज्यान गुमाउने ती कलिला शरीरका लागि आमाको वेदना सायद यस्तै यस्तै हुँदो हो ।)

*शिक्षक, नवोदय शिशु सदन, हेटौंडा-४*

# भलादमी असल



**जनार्दन खनाल**

छिमेकी मेरा आत्मीय मित्र न्यौपाने रमेश
हौं दाजुभाइ बोलीमा मीठो, दयालु विशेष
न्यौपानेहरु यी दुई थरी काठमाडौं कस्केली
समाजबीच मिलनसार असल छिमेकी ॥

उनका पिता श्री तेह्र साल श्री कास्की जिल्लाको
पुरानो थलो श्री हंशपुर खै किन छोड्नुभो
हेटौंडा राम्रो लागेर होला समिल रोडमा
बसाई सरी आउनु भयो उत्साह साथमा ॥

बस्नुभो त्यतै समय केही औंलोको डर भो
अहिले घर भएकै ठाउँ जग्गाको जोहो भो
श्री जिमीदारी प्रथाको बेला त्यो जिमीदारी नै
सकार्नु भयो आर्थिक राम्रो भएरै होला नै ॥

दुईटी छोरी श्री तीन छोरा जन्मिदैं गएका
अच्युत अनि रमेश पछि माधव भएका
उचित शिक्षा दिक्षाको साथै लालन पालन
भएको हुँदा सबैको भयो सम्पन्न जीवन ॥

न्यौपानेहरु सौखीन धेरै श्रीफलफूलका
अनेकथरी आँगनभरी छ फूल फक्रेका
श्री रङ्गीचङ्गी फूलछन् धेरै गमलाहरुमा
मिलनसार दयालु पनि छिमेकी अरुमा ॥

दुस्कर बानी कसैको छैन शिक्षित विद्वान्
न्यौपाने जति सबैको छ है ! शालीन जीवन
पाएको छौं है रमेश हाम्रा भलादमी असल
अरुको भलो गरेमा हाम्रै हुनु हो मङ्गल ॥

*बकैंया–४, छतिवन, ९८४५२८७१०४*

# तिमी भए पुग्छ



**सुमन राय**

तिमी भए बिहानीमा चिया भए पुग्छ,
खाजा चाहिँदैन ।
मसँग हात समाएर हिँडिदिए पुग्छ,
गाडी चाहिँदैन ।

एउटा फुल टिपी ल्याइदिए पुग्छ,
मलाई उपहार चाहिँदैन ।
यसै हराउँछु,
तिमी बोलिदिए पुग्छ मलाई सङ्गीत चाहिँदैन ।

थोरै ठाउँ तिम्रो अङ्गोलामा दिए पुग्छ,
मलाई घर चाहिदैन ।
खुसी मसँग आएर साटिदिए पुग्छ,
मलाई धन चाहिँदैन ।

मेरा चाहनाहरु,
तिमीमा नै गएर खतम हुन पुग्छ ।
मलाई अरु केही चाहिदैन,
बस तिमी भए पुग्छ ।

*कक्षा-११ (विज्ञान संकाय)*
*मकवानपुर बहुमुखी क्याम्पस*
*हेटौंडा-२*

# ४ मुक्तक



**नवशिला**

१
तिम्रो मेरो विचार यहाँ फरक हुन सक्छ
विचार पनि झटारो र दनक हुन सक्छ
बुझी बुझी बुझ पचाउने ठुला ठालुलाई,
सन्मार्गको लागि एउटा सबक हुन सक्छ ।

२
असल बिर्सिएछ हजुर खराब सम्झिनेले
सुशासनलाई जहिल्यै टकराब सम्झिनेले
अचेल मलाई दिनसम्म दुःख दिएको छ,
हरियो पर्दा देखेपछि सराब सम्झिनेले ।

३
नहुन् कुनै खाली हात काम बन्न सकौं
स्वच्छ सफा वहार अनि याम बन्न सकौं
सबैसँग प्रेम बाँड्दै बनि असल अब्बल,
कृष्ण बन्न सकौं हरदम, राम बन्न सकौं ।

४
कुसंस्कारको जालो र प्रभाव हटाउनु छ
असत्य र अधर्मको झुकाव हटाउनु छ
बनाउनु छ सबलाई अब छिट्टै परिपूर्ण,
दुःख कष्ट गरिबी र अभाव हटाउनु छ ।

*बेलबारी-२, नवदेव मार्ग*
*लालभित्ती, मोरङ*

## गाउँखाने कथा

१. घुम्टोभित्र लुकेकी छिन् सान्है गोरी नानी, जम्काभेट हुनाले पल्काउने बानी ।
- कोइली

२. घर हेर्‍यो झ्याल ढोका छैन, त्यो घरको तलमाथि चढ्न सकिँदैन ।
- बाँसको रुख

३. चक्का पाङ्ग्रा केही छैन तर हिँड्छ गाडी, कपडाको लिगमाथि गर्दै वारिपारी ।
- ईस्त्री

४. चक्र, त्रिशुल धारण गर्छ ब्रह्मा विष्णु होइन, स्वच्छन्दे भ्रमण गर्छ जोगी पनि होइन ।
- साँढे छाडेको गोरु

५. चड्के मेरो बानी, पड्के मेरो साथ, सातदिनपछि नआए किरिया गरि राख ।
- लामखुट्टे


## हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७



## वितरक चाहियो

समृद्ध समाज राष्ट्रिय दैनिकका लागि हेटौंडा बजार क्षेत्रमा पत्रिका वितरणका लागि वितरक आवश्यक भएकोले तपसील बमोजिमको काम गर्न इच्छुक व्यक्तिले सम्पर्क गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

पद : पत्रिका वितरक ।
संख्या : ३ (तीन) जना ।
काम गर्नुपर्ने समय : बिहान ६ बजेदेखि ८ बजेसम्म ।
पारिश्रमिक : संस्थाको नियमानुसार ।
प्राथमिकता : अनुभवी, साइकल भएका व्यक्तिलाई प्राथमिकता दिइनेछ ।

सम्पर्क : ०५७-५२६८३०
समृद्ध समाज राष्ट्रिय दैनिक
हेटौंडा-४, मकवानपुर








## वास्तु किन चाहिन्छ ?

Scientific & Modern
तरिकाबाट वास्तु गर्न चाहनुहुन्छ ?



- पन्चतत्व सन्तुलित राख्न,
- वास्तुदोषबाट हुने हानी/नोक्सानीबाट जोगिन,
- घर/जग्गाबाट लाभ/हानी थाहा पाउन,
- गृहस्थी जीवन सन्तुलन राख्न,

वास्तु घरको मेरुदण्ड हो, यसले पञ्चतत्व (अग्नी, आकास, जल, वायु र पृथ्वी) सन्तुलन गर्दछ ।

- वैदिक वास्तुमा आधारित रहेर Scientific & Modern Vastu गराउँदा, बनी सकेको घरको तोडफोड नगरिकन वास्तुदोष निवारण गर्न सकिन्छ ।

**तपाईको जन्म मिति र मोबाईल नम्बरबाट शुभ अंक निकाल्न र अंकको प्रभावबाट सकारात्मक परिवर्तन ल्याउन चाहनुहुन्छ भने हामीलाई सम्झनुहोस् ।**

निशूल्क परामर्श
Mobile Numerology,
Crystal Remedy

Contact :
Sanukajis Ghalan
9766120056
9824224095



## प्रशिक्षार्थी पत्रकारका लागि आवेदन आव्हान

हेटौंडाबाट प्रकाशन हुँदै आएको समृद्ध समाज राष्ट्रिय दैनिकका लागि प्रशिक्षार्थी पत्रकार आवश्यक भएकोले तपसील बमोजिम योग्यता पुगेका इच्छुक उम्मेदवारबाट आवेदन आव्हान गरिन्छ ।

पद : प्रशिक्षार्थी पत्रकार ।
संख्या : केही ।
शैक्षिक योग्यता : १२ कक्षा उत्तीर्ण । स्नातक तह अध्ययनरतलाई प्राथमिकता ।
प्रशिक्षार्थी अवधि : ३ महिना । पहिलो महिना निशूल्क प्रशिक्षण अवधि रहनेछ भने कार्यसम्पादनका आधारमा दोस्रो र तेस्रो महिना आंशिक सुविधा प्राप्त हुनेछ । चौथो महिनादेखि पूर्णकालिन रोजगारीको अवसर रहनेछ ।
समाचार अध्ययन, समाचार लेखन तथा प्रस्तुतीमा रुचि भएकाहरुलाई विशेष ग्राह्यता ।
आवेदन दिने अन्तिम मिति : २०८२/१२/२० गते ।

**आवेदन साथ संलग्न गर्नुपर्ने कागजात :**
- हस्तलिखित निवेदन ।
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
- शैक्षिक प्रमाणपत्रको प्रतिलिपि ।
- पासपोर्ट साइजको फोटो २ प्रति ।

सम्पर्क : ०५७-५२६८३०
समृद्ध समाज राष्ट्रिय दैनिक
हेटौंडा-४, मकवानपुर


# सात्ताको राशिफल



**पं. ज्यो. तोयानाथ सुवेदी**
सम्पर्क : ९७४५०२८५५५

**मेष राशि** : निर्णायक क्षमतामा कमजोरी रहनेछ । अरुको लहैलहैमा हिड्दा दुःख पाइएला । पारिवारीक बिवाद बढ्ने छ । बन्धुबान्धव र छरछिमेकका काममा मन जाला । धार्मिक एवम् आध्यात्मिक क्षेत्रमा मन जाला । आर्थिक लगानीको समय छ । पढाइ–लेखाइ ठिकै होला । आर्थिक अवस्थाले पिरोल्ने समय योगछ ।

**वृष राशि** : विगतमा गरेको काम वा कारोबारको रकम हात पर्ने छ । श्रममूलक कामबाट लाभ होला । आफन्तको सहयोग प्राप्त होला । बोलीको प्रभाव बढ्ने छ । स्वास्थ्य कमजोर होला । पुराना वस्तु संकलन गर्न मन लाग्ला । अचानक धन प्राप्त होला । पढाइ–लेखाइ ठिकै छ । धार्मिक काममा सरिक भइने छ ।

**मिथुन राशि** : निर्णय क्षमता बलियो देखिन्छ । स्वास्थ्य सबल रहने छ । आर्थिक कारोबारप्रति केन्द्रित भइने छ । व्यापार–व्यवसाय ठिकै रहला । मान–सम्मान बढ्ने छ । भेटघाट र यात्रामा सरिक भइने छ । पढाइ–लेखाइ ठिकै होला । धार्मिक यात्रा र सामाजिक दायित्व बढ्ला ।

**कर्कट राशि** : मनमा भारीपन र शरीरमा अल्छीपन बढ्ला । राजनीतिक र सामाजिक काममा मन जाला । परिश्रमले काममा पूर्णता होला । अवसर प्राप्तिका लागि दौडधूप बढ्ला । सहयोगीले विश्वासघात गर्ने समय छ । सञ्चित धन खर्च होला । धार्मिक र परोपकारजन्य काममा मन जाला ।

**सिंह राशि** : घर–परिवार वा संस्कार र परम्पराप्रति जिम्मेवारी बोध हुनेछ । स्थिर कारोबारमा धन लगानी हुनसक्छ । बौद्धिक र ज्ञानमूलक क्षेत्रबाट भने जस्तै लाभ बच्चाहरुसँग रमाइलो गर्न सकिनेछ । व्यापार–व्यवसाय मध्यमकारक देखिन्छ । आत्मविश्वास र सुदृढ लक्ष्यका कारण सफलता होला । पढाइ–लेखाइ ठिकै रहला ।

**कन्या राशि** : सामाजिक क्षेत्रमा काम गर्नेका लागि वर्चस्व स्थापना होला । राजनीतिमा प्रतिष्ठा बढ्ला । पारिवारीक ठिकै होला । घरायसी काममा सहयोग होला । काममा दिलचस्पी प्राप्त होला । पुरस्कार प्राप्त होला । शत्रु र प्रतिस्पर्धीसँग सचेत हुँदा राम्रो । पारिवारीक जिम्मेवारी बढ्ला । परीक्षा प्रतिस्पर्धामा विजय होला ।

**तुला राशि** : भविष्य बनाउने समय छ । परोपकारी र सामाजिक गतिविधिमा खट्नु पर्ला । सेवाभाव र दानपुण्यका काममा आकर्षण बढ्ला । सेवा र सफाइमा मन जाला । दर्शन र अध्यात्मतर्फ मन जाला । लक्ष्यप्राप्तिमा सफलता भइएला । धार्मिक एवम् पारस्परिक काममा मन जाला । अध्ययन–अध्यापन ठिकै छ ।

**वृश्चिक राशि** : शारीरिक तनाव बढ्न सक्छ । मानसिक तनाब भने कमी होला । जोखिम र सङ्कटले भरिपूर्ण समय छ । दिकदारी र चिडचिडेपन बढ्न सक्छ । दौडधूपबाट समुचित लाभ होला । कामकाजमा हाकिम कचकच बढ्ला । स्वास्थ्यस्थितिप्रति सचेत रहँदा राम्रो । विद्या प्राप्तिका लागि ठिकै समय योग छ ।

**धनु राशि** : घुमघाम र भेटघाटमा समय बित्ला । मनोरञ्जनमा आकर्षण बढ्न सक्छ । प्रेमको बन्धनमा बाँधिने छ । मन रोमान्टिक र भावुक बन्ला । भोगबिलासमा खर्च बढ्ला । जिम्मेवारी र दायित्व बढ्दै जाला । नजिकका आफन्तहरु टाढिने समय छ । काममा खट्नु पर्ला । व्यापार–व्यवसाय ठिकै छ । धार्मिक कृत्यमा मन जाने छ ।

**मकर राशि** : कानुन, प्रशासन र सुरक्षा निकायको काममा सफलता प्राप्त होला । राजनैतिक सामाजिक एवम् धार्मिक काममा मन जाने छ । प्रेमिल भावनाको जागृत होला । जीवनको वास्तविक लक्ष्य पहिल्याइएला । कार्यक्षेत्रमा तन्यताका साथ खटिएला । परीक्षा प्रतियोगितामा सफलता होला । झगडा र कलहबाट टाढा रहँदा राम्रो ।

**कुम्भ राशि** : स्वास्थ्यप्रति बेवास्ता नगर्दा राम्रो रहने छ । मायाप्रेमको वातावरण बन्नेछ । बुद्धि खियाएर गर्ने कामबाट लाभ अनि मानप्रतिष्ठामा वृद्धि होला । इच्छाशक्ति र आन्तरिक उर्जाको उदय हुनेछ । बुद्धिको उपयोगले कामबाट लाभ । अध्ययन–अध्यापन र व्यापार व्यवसाय मध्यमकारक रहने समय योग छ ।

**मीन राशि** : निर्णयात्मक काममा ध्यान केन्द्रित नहोला । घरायसी समस्या योग होला । व्यापार–व्यवसाय मध्यमकारक देखिन्छ । बाध्यात्मक काममा खट्नाले व्यय होला । मनमा छटपटी र कौतुहलता बढ्ला । अध्ययन–अध्यापनमा ठिकै छ । चुनौति झेल्नुपर्ला । अरुको काममा लागि परिएला । मन बिचलित रहने समय छ ।


## न्यू स्वर्ण भण्डार सुनचाँदी पसल राप्तिरोडबाट खोपेगल्लीमा सरेको सूचना

हेटौँडा-१०, राप्तिरोडमा रहेको न्यू स्वर्ण भण्डार सुनचाँदी पसल यहि मिति २०८२ साल फाल्गुन २९ गतेदेखि हेटौँडा-४, खोपेगल्लीस्थित आफ्नै भवनमा (रोज एकेडेमी स्कूलसँगै) सरेको सहर्ष जानकारी गराउँदछौं ।

प्रो. ज्योति रत्न बज्राचार्य
सम्पर्क : ९८४५५९८३०१, ९८०४२२८३६४



## रोजगारीको अवसर

**हेटौँडास्थित एक होटलका लागि तपसील बमोजिमको कामदार आवश्यक भएकोले इच्छुक, योग्य नेपाली नागरिकले २०८२ चैत १३ गतेसम्ममा सम्पर्क गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।**

तपसील
कुक - २ जना
काउन्टर सेल्सम्यान-३ जना
किचन (स्वीट्स) हेल्पर : ५ जना ।
बेकरी हेल्पर : ३ जना ।
क्लिनर : २ जना ।

सेवा, सुविधा आपसी सहमतिमा तय गरिनेछ ।
सम्पर्क : ९८२१-२५९३९३


## बुधबारे सालसाहित्य

...बाँकी पृष्ठ ३ मा

# स्वतन्त्र पत्रकार संघमा पुनः बास्तोला, महासचिवमा श्रेष्ठ



स्वतन्त्र पत्रकार संघ नेपालको नवनिर्वाचित समितिका पदाधिकारीहरु ।

समाज संवाददाता

नवलपुर (गैंडाकोट) : स्वतन्त्र पत्रकार संघ नेपालको १४औं वार्षिक साधारण सभा तथा पाँचौं अधिवेशन गैंडाकोटमा सम्पन्न भएको छ । अधिवेशनबाट कृष्णप्रसाद बास्तोला पुनः अध्यक्षमा चयन हुनुभएको छ । उपाध्यक्षमा तिर्सना लक्ष्मी गुरुङ, महासचिवमा सुरेश श्रेष्ठ, सचिवमा कल्याण पन्त तथा कोषाध्यक्षमा नमस्कार शाह चयन हुनुभएको छ ।

सदस्यहरूमा युक्तप्रसाद सुवेदी (बाग्लुङ), कृष्णबहादुर रायमाझी (कास्की), योगेश खपाङ्गी (झापा), प्रेमध्वज लामा र सुरेशप्रसाद सैजु (भक्तपुर) तथा सागर कार्की (कास्की) निर्वाचित हुनुभएको छ । उद्घाटन सत्रमा वरिष्ठ पत्रकार उदयबहादुर अमात्यलाई २५ हजार राशिको 'सामाजिक पत्रकारिता पुरस्कार' प्रदान गरिएको थियो । पुरस्कार ग्रहणपछि अमात्यले पत्रकारिता स्वतन्त्र हुनुपर्नेमा जोड दिँदै पत्रकार स्वयम् उदाहरण बन्न सक्नुपर्ने धारणा व्यक्त गर्नुभयो । 'हामी सबै स्वतन्त्र हुन सक्छौं, तर त्यसका लागि चाहना आवश्यक हुन्छ', उहाँले भन्नुभयो, 'सबैलाई स्वतन्त्र बनाउन सकिन्छ, तर सबैमा त्यस्तो चाहना हुनुपर्छ ।' उहाँले स्वतन्त्र पत्रकारिताले निष्पक्षता कायम गर्ने उल्लेख गर्दै कुनै पनि दलले स्वतन्त्र पत्रकारलाई आफ्नो प्रभावमा राख्न नसक्ने, तर सबै पत्रकारलाई स्वतन्त्र बनाउन सकिने बताउनुभयो ।

कार्यक्रममा संघका अध्यक्ष कृष्णप्रसाद बास्तोलाले स्वतन्त्र पत्रकार संघको स्थापनाको पृष्ठभूमि स्पष्ट पार्दै २०६८ सालमा पत्रकार महासंघभित्र देखिएको दलीय भागबण्डाको विरोधबाट संघको यात्रा सुरु भएको जानकारी दिनुभयो । कास्कीबाट सुरु भएको संघ अहिले देशका विभिन्न जिल्लामा विस्तार भइसकेको उल्लेख गर्दै उहाँले दलीय प्रभावबाट मुक्त, निष्पक्ष र व्यावसायिक पत्रकारहरूको साझा मञ्चका रूपमा संघलाई विकास गरिएको बताउनुभयो । 'पत्रकारले मतदान गर्नु बाहेक अन्य समयमा राजनीतिक आस्था प्रदर्शन गर्नु हुँदैन', अध्यक्ष बास्तोलाले भन्नुभयो । उहाँका अनुसार पछिल्लो समय पत्रकारिताको सम्मान घट्नुमा स्वतन्त्रताको अभाव प्रमुख कारण हो । त्यसैले पत्रकार र पत्रकारिता दुवै स्वतन्त्र हुनुपर्नेमा संघ दृढ रहेको उहाँले स्पष्ट पार्नुभयो ।

उहाँले स्वतन्त्र पत्रकार संघलाई निष्क्रिय पत्रकारहरूको संस्था नभई सक्रिय र प्रतिबद्ध पत्रकारहरूको साझा संगठन भएको उल्लेख गर्दै व्यक्तिगत स्वार्थभन्दा माथि उठेर नेतृत्व गर्न सके मात्र संगठन बलियो बन्ने धारणा राख्नुभयो । निर्वाचनपछि सञ्चारकर्मीसँग कुरा गर्दै अध्यक्ष बास्तोलाले संघ विधानअनुसार सञ्चालन हुने बताउँदै स्वतन्त्र पत्रकारिताको मूल उपलब्धि 'आत्मसन्तुष्टि' भएको उल्लेख गर्नुभयो । 'कुनै आग्रह-पूर्वाग्रहबिना लेखिएको समाचारले कसैलाई हानी नपुऱ्याओस् भन्ने विश्वास नै पत्रकारको शक्ति हो', उहाँले भन्नुभयो । उहाँले स्वतन्त्र पत्रकारिताबाट पेशागत जीवन धान्न सकिँदैन भन्ने धारणा गलत भएको उल्लेख गर्दै आफूले तीन दशकदेखि यही अभ्यास गर्दै आएको बताउनुभयो । साथै, बदलिँदो समयसँगै प्रविधिमैत्री पत्रकारिता अपरिहार्य बनेको भन्दै पत्रकारहरूलाई डिजिटल सीपमा सक्षम बनाउँदै पत्रकारितालाई अझ प्रभावकारी बनाउनु अहिलेको प्रमुख आवश्यकता रहेको उहाँको भनाइ छ ।

## ३५ जनाले रक्तदान गरे

समाज संवाददाता

हेटौंडा : पादरी संघ मकवानपुरको आयोजनामा रक्तदान कार्यक्रम भएको छ । शुक्रबार गूड् फ्राइडेको अवसरमा हेटौंडाको बुद्धचोकमा भएको कार्यक्रममा ३५ जनाले रक्तदान गरे ।

पादरी संघका जिल्ला अध्यक्ष पाष्टर सुबास गोपाली र योगदान राष्ट्रका लागि अभियानका प्रदेश अध्यक्ष पाष्टर पदम सेढाईले रक्तदान गरेर रक्तदान कार्यक्रम शुरु गरिएको थियो । स्टर सण्डे अन्तर्गत (आइतबार) का दिन हेटौंडामा बिहान मोटरसाइकल ऱ्याली गर्ने संघ जिल्ला अध्यक्ष गोपालीले जानकारी दिनुभयो । येशु खीष्टको मृत्यु र पुनरुत्थानको सम्झनामा यस्ता कार्यक्रमहरु गर्ने गरेको इसाईहरु बताउँछन् ।

## गोठमा आगलागी हुँदा १० बाख्रा मरे

समाज संवाददाता

हेटौंडा : हेटौंडा-१५, भोर्लेस्थित सानुकाजी स्याङवोको गोठमा आगलागी हुँदा १ लाख ५० हजार रुपैयाँ बराबरको क्षति भएको छ । बिहीबार साँझ ७ बजेर १५ मिनेटको समयमा काठ र जस्ताबाट बनेको गोठमा मच्छर भगाउन आगो बाल्दा आगलागी भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ । आगलागीका कारण १० वटा बाख्रा जलेर मरेका छन् भने १ वटा गाईको बाच्छी घाइते भएको छ । साथै, गोठ पूर्ण रूपमा जलेर नष्ट भएको छ । आगो प्रहरी, दमकल तथा स्थानीयवासीको सहयोगमा साँझ ९ बजेर ४० मिनेटको समयमा पूर्ण रूपमा नियन्त्रणमा लिइएको थियो ।

# हेटौंडामा विविध कार्यक्रमसहित सहकारी दिवस मनाइयो



समाज संवाददाता

हेटौंडा : 'उद्यमशीलता र पारदर्शिता : सहकारीको प्राथमिकता' भन्ने नाराका साथ देशभरका सहकारी संस्थाहरुले ६९औं राष्ट्रिय सहकारी दिवस मनाएका छन् । यसैगरी मकवानपुरमा पनि सहकारीहरुले विविध कार्यक्रमसहित शुक्रबार हेटौंडामा ६९ औं राष्ट्रिय सहकारी दिवस मनाएका छन् । वि.सं. २०१३ चैत २० गते चितवनको बखानपुर ऋण सहकारी संस्था स्थापना भएको सम्झनामा प्रत्येक वर्ष चैत २० गते राष्ट्रिय सहकारी दिवस मनाइन्छ ।

शुक्रबार बिहान सहकारीहरुले हेटौंडाको हुप्रचौरबाट प्रभातफेरी सुरु गरी सहकारी दिवस समारोह स्थल हिमालयन दरबार पुगेको थियो । ६९ औं राष्ट्रिय सहकारी दिवस मूल समारोह समितिका संयोजक नारायण प्रसाद देवकोटाको सभाध्यक्षतामा भएको सहकारी दिवस समारोहमा बागमती प्रदेश सरकारका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँको प्रमुख आतिथ्य रहेको थियो । कार्यक्रममा मुख्यमन्त्री बानियाँले बिपि कोइरालाले नेपालमा सहकारीको क्रान्ति अगाडि बढाएको स्मरण गर्नुभयो । केही निजी स्वार्थका सहकारीहरुका कारण आज सहकारीको अस्तित्व खतरामा परेको तथा सहकारीप्रतिको विश्वसनीयता घटेको औँल्याउनुभयो । समुदायमा आधारित सहकारीसँग समन्वय र सहकार्य गरेर अगाडि बढ्न प्रदेश सरकार तयार रहेको उहाँको भनाइ छ । यसैगरी प्रदेश सरकार बिना धितो र बिना ब्याजमा ऋण लगानी गर्ने व्यवस्था मिलाउन र नीति बनाउने अवस्थामा रहेको बताउनुभयो । साथै निजी स्वार्थका लागि खोलिएका खराब मनसायका सहकारीहरुलाई करवाही गरी बचतकर्ताको लगानी फिर्ता गराउने प्रतिबद्धता समेत व्यक्त गनुभयो ।

मकवानपुरमा राष्ट्रिय सहकारी दिवस मनाउनका लागि मकवानपुर जिल्ला सहकारी संघका अध्यक्ष नारायणप्रसाद देवकोटाको संयोजकत्वमा १ हजार १ सदस्यीय मूल समारोह समिति गठन गरिएको थियो । समितिले मकवानपुर जिल्ला सहकारी संघ लगायत जिल्लास्थित विषयगत सहकारी संघहरुको सहकार्य र बागमती प्रदेश सहकारी तथा गरिवी निवारण मन्त्रालयको सहयोगमा चैत १४ गतेदेखि २० गतेसम्म विभिन्न रचनात्मक कार्यक्रमहरु आयोजना गरेको थियो । समितिले बुधबार हेटौंडाको बुद्धचोकमा रक्तदान कार्यक्रम र बिहिबार 'सहकारी संरक्षण र सम्वर्द्धनमा अभियान र नियामकीय भूमिका' विषयक अन्तरसंवाद कार्यक्रम आयोजना गरेको थियो ।

शुक्रबार आयोजना गरिएको प्रभातफेरीमा प्रदर्शन र व्यवस्थानका आधारमा उत्कृष्ट ८ वटा सहकारी संस्था नगदसहित सम्मानित भएका छन् । सम्मानित हुनेहरुमा हेटौंडा-१३ का महिला मिलन बचत तथा ऋण सहकारी संस्था प्रथम, हेटौंडा-१८ का साना किसान सहकारी द्वितीय र हेटौंडा-१६ हटियाका साना किसान सहकारी तृतीय स्थान हासिल गरेका छन् । प्रथम, द्वितीय र तृतीय हुने सहकारीहरुले क्रमशः १० हजार, ७ हजार र ४ रुपैयाँसहित प्रमाणपत्र प्राप्त गरेका छन् । यसैगरी हेटौंडाका हातेमालो बचत तथा ऋण सहकारी संस्था, बागेश्वरी महिला बचत तथा ऋण सहकारी संस्था, बसामाडीको साना किसान सहकारी, मकवानपुरगढीका साना किसान कृषि सहकारी संस्था र हेटौंडा बचत तथा ऋण सहकारी संस्थाले सन्त्वना स्थान हासिल गरेका छन् । सन्त्वना स्थान हासिल गर्ने सहकारीहरुले समान ३/३ हजार रुपैयाँसहित प्रमाणपत्र प्राप्त गरेका छन् ।

## सभामुखमा डीपी अर्याल

काठमाडौं : सभामुखमा सांसद डीपी अर्याल निर्विरोध भएका छन् । यद्यपि, उनी निर्वाचित भएको घोषणा हुन बाँकी छ । सभामुख पदका लागि आज बिहान ११ बजेदेखि दिउँसो २ बजेसम्म मनोनयन दर्ताको समय तय गरिएको थियो । निर्धारित समयमा अर्यालको एकल उम्मेदवारी परेको हो ।

प्रतिनिधिसभा नियमावलीको नियम ७ मा सभामुखको निर्वाचनसम्बन्धी व्यवस्था छ । जसअनुसार सभामुखमा एक जनाको मात्रै मनोनयन दर्ता भए प्रतिनिधिसभामा समर्थक सदस्यले बोलिसकेपछि अध्यक्षता गर्ने व्यक्तिले प्रस्तावित सदस्य सभामुख पदमा निर्विरोध निर्वाचित भएको घोषणा गर्नेछन् । यस्तो घोषणा अब बस्ने प्रतिनिधिसभाको बैठकमा हुनेछ । प्रतिनिधिसभाको बैठक आगामी आइतबार बस्दैछ । प्रतिनिधिसभामा रास्वपा दुई तिहाइ नतिजक छ । सत्तापक्षको स्पष्ट बहुमत भएकाले प्रतिपक्षी दलहरूले सभामुख पदमा उम्मेदवारी दिएनन् । २७५ सदस्यीय प्रतिनिधिसभामा रास्वपाको मात्रै १८२ सांसद छन् । नेपाली कांग्रेस ३८, नेकपा एमाले २५, नेपाली कम्युनिस्ट पार्टी १७, श्रम संस्कृति पार्टी ७, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का ५ सांसद् छन् ।

सभामुख चयन भएसँगै उपसभामुखको निर्वाचन प्रक्रिया अगाडि बढ्नेछ । उपसभामुखको निर्वाचन सभामुखले तोकेको दिन र समयमा हुने व्यवस्था छ । संसद् सचिवालयका प्रवक्ता एकराम गिरीका अनुसार सभामुख र उपसभामुखमा फरक दल र फरक लिंगको व्यक्ति हुनुपर्ने प्रावधान छ । 'सभामुख र उपसभामुखमा फरक दल र फरक लिंगको व्यक्ति हुनुपर्ने प्रावधान छ' गिरी भन्छन्, 'एकल उम्मेदवारी परेको अवस्थामा भने एउटै दलको पनि हुन सक्दछ ।' नेताहरूका अनुसार उपसभामुखबारे छलफल भएको छैन । प्रतिनिधिसभामा रास्वपासहित ६ दल छन् । निर्वाचित भइसकेपछि आफ्नो कार्यभार सम्हाल्नुअघि सभामुखले र ाष्ट्रपतिसमक्ष पद तथा गोपनीयताको शपथ लिनु पर्ने हुन्छ । सभामुख र उपसभामुख दुवै संवैधानिक परिषद्को सदस्य हुन्छन् । यसकारणले समेत उपसभामुखमा कुन दलबाट प्रतिनिधित्व हुन्छ भन्ने विषयलाई चासोका साथ हेर्ने गरिन्छ । संवैधानिक निकायका प्रमुख र पदाधिकारीहरूको नियुक्तिका लागि सिफारिस गर्न प्रधानमन्त्रीको अध्यक्षतामा संवैधानिक परिषद् रहने व्यवस्था नेपालको संविधानको धारा २८४ मा छ । यसले प्रधानन्यायाधीश, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, निर्वाचन आयोग लगायतका निकायमा योग्य व्यक्तिहरूको सिफारिस गर्दछ ।

*स्रोत : अनलाइनखबर ।*

## सूचनाको हक कार्यान्वयन गर्न यातायात कार्यालयलाई ध्यानाकर्षण

समाज संवाददाता

हेटौंडा : नागरिकको मौलिक हकको रुपमा परिभाषित सूचनाको अधिकारीलाई प्रभावकारी कार्यान्वयन गर्न एक समूहले यातायात कार्यालय हेटौंडालाई ध्यानकार्षण गराएका छन् । बिहीबार 'सेवा सहयोग र आवाजमा हामी' संस्थाका अध्यक्ष विशाल राज महतका समूहले यातायात कार्यालयलाई विभिन्न मागसहित ध्यानाकर्षण पत्र बुझाएका छन् ।

उनीहरुले विशेषगरी सवारी चालक अनुमति पत्र (ड्राइभिङ लाइसेन्स) को प्रयोगात्मक परीक्षा (ट्रायल) को पारदर्शितामाथि प्रश्न उठाएका छन् । यातायात कार्यालयले ड्राइभिङ लाइसेन्स प्राप्तिका लागि ट्रायल परीक्षण स्थलमा राखिएका सीसी क्यामराका फुटेज कर्मचारीले मात्र हेर्न पाउने र फेल/पासभएको फुटेज हेर्न शुल्क तिनुपर्ने प्रावधानले अनियमितता बढाएको भन्दै सीसी क्यामराको लाइभ सेवाग्रहीले हेर्न पाउने व्यवस्था मिलाउन माग गरेका छन् । यसले नेपालको संविधानको धारा २७ मा उल्लेखित प्रत्येक निकायले सार्वजनिक निकायसँग सम्बन्धीत सूचना प्राप्त गर्ने मौलिक हकको उल्लंघन गरेको उनीहरुले आरोप लगाएका छन् ।

यसैगरी ट्रायल परीक्षणमा आफ्नो सवारी प्रयोग गर्न नदिने प्रावधान न्यायोचित नभएको बताएका छन् । 'सेवाग्राही आफ्नै साधनमा अभ्यस्त हुँदा परीक्षण वास्तविक हुन्छ भन्दै' यो प्रावधान टुरुन्त हटाई आफ्नो सवारी साधन प्रयोग गर्ने व्यवस्था माग गरेका छन् । साथै फुटेज हेर्न शुल्क नलाग्ने र कार्यालयले नै टिकट घरको व्यवस्था गरी निवेदन स्वयम दिन सकिने वातावरण बनाउन अनुरोध गरेको छ । मागहरु सम्बोधन नभए थप सङ्घर्षको कार्य गर्ने चेतावनी समेत दिएका छन् ।

"श्रमिक मा.वि.को इच्छा, गुणस्तरीय शिक्षा"
भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!
शैक्षिक सत्र २०८३ का लागि भर्ना खुल्यो
यस विद्यालयमा अँग्रेजी माध्यमको Play Group देखि Class 9 र नेपाली माध्यमको कक्षा १ देखि ९ सम्म भर्ना खुल्यो ।
भर्ना फारम वितरण मिति : २०८२ चैत २२ गतेबाट
नयाँ विद्यार्थी भर्ना मिति : २०८३ वैशाख ६ गतेबाट
प्रवेश परीक्षा मिति : २०८३ वैशाख ५ गते
कक्षा सञ्चालन मिति : २०८३ वैशाख ६ गतेबाट

हाम्रो बिशेषताहरू :
- कक्षा ९ र १० मा Smart Board मार्फत पठन-पाठनको व्यवस्था
- अधिकांश कक्षामा Projector सहितको Audio-Visual Class को व्यवस्था
- PG कक्षाका बालबालिकाको हेरचाहका लागि आयाको व्यवस्था
- पर्याप्त Indoor खेल सामग्रीसहित सार्वजनिक विदामा पनि PG, Nursery, LKG, UKG, 1 र 2 कक्षा सञ्चालनको व्यवस्था
- नेपाली र अङ्ग्रेजी माध्यमको लागि छुट्टै भवनको व्यवस्था
- वर्षे बिदामा समेत पठनपाठन गरी कमजोर विद्यार्थीका लागि अतिरिक्त कक्षाको व्यवस्था
- क्यान्टिनको व्यवस्थासहित कक्षा ५ सम्म नि:शुल्क दिवा खाजाको व्यवस्था
- दक्ष एवम् तालिम प्राप्त शिक्षकबाट पूर्ण अङ्ग्रेजी माध्यममा पठनपाठनको व्यवस्था
- PG र Nursery कक्षाका विद्यार्थीको गतिविधि CCTV मार्फत् अभिभावकले घरबाटै निगरानी गर्ने व्यवस्था
- प्रत्येक कक्षामा Homework Board को व्यवस्था र Homework Board को फोटो Messenger Group मा पठाईने व्यवस्था ।
- अन्य कक्षामा पनि CCTV मार्फत नियमित अनुगमनको व्यवस्था
- पर्याप्त तथा स्तरीय खेलमैदान, खेल सामग्रीसहित खेलकुद प्रतियोगिताको व्यवस्था
- प्रत्येक शुक्रबार साप्ताहिक परीक्षाको व्यवस्था
- साप्ताहिक, त्रैमासिक परीक्षाको उत्तरपुस्तिका विद्यार्थी, अभिभावकले हेर्न पाउने व्यवस्था
- नियमित अतिरिक्त क्रियाकलापसहित उत्कृष्ट विद्यार्थीलाई पुरस्कारको व्यवस्था
- विद्यार्थीलाई Home-work डायरी र वार्षिक कार्ययोजनासहितको क्यालेण्डरको व्यवस्था
- प्रशिक्षकसहितको नृत्य कक्षाको व्यवस्था/शान्त तथा बालमैत्री वातावरणमा अध्ययन अध्यापनको व्यवस्था
- शैक्षिक प्रदर्शनी, खेलकुद प्रतियोगिता तथा अतिरिक्त क्रियाकलापमा उत्कृष्ट नतिजा हासिल
- विद्यालय हातामा मनोरम पार्क तथा फूलबारीको व्यवस्था
- स्तरीय Science Lab. Computer Lab. र पर्याप्त पुस्तकसहितको पुस्तकालयको व्यवस्था

अंग्रेजी माध्यमतर्फ नयाँ भर्ना गर्न सकिने कक्षागत विद्यार्थी संख्या

| कक्षा | संख्या |
|---|---|
| P.G. (पिजी) | २० जना |
| Nursery | ५ जना |
| LKG | १ जना |
| UKG | ४ जना |
| 1 | ५ जना |
| 2 | १ जना |
| 3 | ५ जना |
| 4 | १५ जना |
| 5 | १५ जना |
| 6 | १४ जना |
| 7 | १३ जना |
| 8 | १६ जना |
| 9 | १५ जना |

श्री श्रमिक माध्यमिक विद्यालय
हेटौंडा-४, कर्रा, स्थापित: २०२२
थप जानकारीका लागि सम्पर्क :
९७६५९५५५२२, ९८४५१०७४२८, ९८४५२८६५६५

हार्दिक बधाई



शिक्षा क्षेत्रलाई प्राथमिकता दिएर समाचार लेखन तथा सम्प्रेषण गर्दै आउनुभएका **सुरेश श्रेष्ठ** स्वतन्त्र पत्रकार संघ नेपालको **पाँचौं अधिवेशन**बाट केन्द्रीय समितिको महासचिवको जिम्मेवारी पाउनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

विनोद सुवेदी, प्रिन्सिपल
एवम् बालजागृति इंग्लिस सेकेण्डरी स्कूल परिवार
हेटौंडा-२, मकवानपुर

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ

बुधबारे सालसाहित्य

...बाँकी पृष्ठ ३ मा